# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल कार्तिक २२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | विक्रम सम्वत् २०८० साल कार्तिक १७ गते राति गएको भूकम्पबाट प्रभावित नागरिकलाई उद्धार, उपचार, राहत तथा पुनर्स्थापनाको लागि सहयोगस्वरूप रु. एक करोड पचास लाख कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराउने। |
| २. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम निम्न मन्त्रालयहरू र अन्तर्गतका निकायहरूको यसै साथ संलग्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनहरूमा उल्लिखित "सङ्गठन संरचना तथा दरबन्दी तेरिज" स्वीकृत गर्ने।<br>१. भौतिक पूर्वाधार विकास मन्त्रालय<br>२. आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>२.१ सञ्चार रजिष्टारको कार्यालय<br>३. संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय<br>४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>५. खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय |
| ३. | प्रदेश कृषि सेवा, अधिकृतस्तर एघारौं तहमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि बढुवा सिफारिस हुनुभएका कर्मचारीहरूलाई मिति २०८०/०७/१५ गते देखि जेष्ठता लागू हुने गरी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम बढुवा नियुक्ति गरी देहायका कार्यालयहरूमा पदस्थापन गर्ने।<br>देहायः<br>१. सुधीर श्रेष्ठ (सङ्केत नं. १४६३१३) -कृषि विकास निर्देशनालय, हेटौंडा/प्रमुख<br>२. नारायण कुमार श्रेष्ठ (सङ्केत नं. १४७६८७) -कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, भण्डारा/प्रमुख<br>३. डा. गौरीमान श्रेष्ठ (सङ्केत नं. १४६५९८) -पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा/निर्देशक |
| ४. | स्वीकृत कार्यक्रम अन्तर्गत बजेट उपशीर्षक ३०१०००११ अन्तर्गत खर्च शीर्षक २२५२२, क्रियाकलाप नं. २.७.२५.४७९ को प्रदेश प्रमुखको कार्यालय सबलीकरण कार्यक्रममा रु. १०,००,०००।—(दश लाख मात्र) विनियोजन भएको रकम प्रदेश प्रमुखको कार्यालय, बागमती प्रदेशमार्फत कार्यक्रमको मूल उद्देश्यसँग फरक नपर्ने गरी, प्रचलित कानून, मापदण्ड अनुसार खर्च गरी लेखा उत्तरदायी अधिकृतले लेखा परीक्षण समेत गराई जिम्मेवारी बहन गर्ने गरी संलग्न अनुसूची बमोजिम खर्च शीर्षकगत रूपमा खर्च गर्ने गरी रकम निकासा तथा अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | |
|---|---|
| ५. | सम्वत् २०८० मंसिर ५ गतेदेखि ९ गतेसम्म अष्ट्रेलियामा हुने अध्ययन भ्रमणका लागि बागमती प्रदेशका माननीय उपसभामुख अपसरा चापागाई खत्रीको मनोनयन तथा प्रवेशाज्ञा (Visa) का लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने। |
| ६. | प्रदेश चलचित्र (निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन) सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्नका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ७. | बागमती प्रदेशको धार्मिक, सांस्कृतिक, पर्यापर्यटन तथा ग्रामीण पर्यटन प्रवर्द्धन एवम् विकासका लागि "बागमती प्रदेश भ्रमण वर्ष, २०२४" घोषणा गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने। |
| ८. | मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने। |
| ९. | प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८० स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।